गोदावरी नगरपालिका
Godawari Municipality
गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
Office Of the Municipal Executive
बज्रबाराही, ललितपुर/ Bajrabarahi, Lalitpur
बागमती प्रदेश, नेपाल/ Bagmati Province, Nepal

२०७९-२०८१

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बज्रवाराही, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

प. सं/Let. No.

च. नं/Ref. No.

उपभोक्ता समिति दर्ता र स्थाई लेखा नम्बर सहित आयोजना सम्झौता गर्ने सम्बन्धी सूचना

यस नगरपालिकाको आर्थिक वर्ष ०८३/०८४ को बजेट तथा कार्यक्रम स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको व्यहोरा अनुरोध छ । उक्त आयोजनाहरु कार्यान्वयन गर्ने सन्दर्भमा यस नगरपालिकाको नगरसभाको निर्णय बमोजिम रु. ३० लाख सम्म बजेट विनियोजन भएका आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न सकिने व्यवस्था रहेको र सार्वजनिक खरिद नियमावली (संशोधन सहित), २०६४ को नियम ९७ को उपनियम (१) बमोजिम निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको प्रचलित कानून बमोजिम दर्ता भएको उपभोक्ता समितिबाट गराउन वा प्राप्त गर्न सकिनेछ भन्ने व्यवस्था रहेको हुँदा आयोजना कार्यान्वयन गर्न इच्छुक आयोजनासंग सम्बन्धित उपभोक्ता समितिहरुले यस कार्यालयमा आई उपभोक्ता समिति दर्ता गरी आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्बर लिई सम्झौताको लागि मिति २०८३ कार्तिक मसान्त भित्र यस कार्यालयमा सम्पर्क गर्न आउनु हुन सरोकारवाला सबैमा सूचित गरिन्छ ।

उपभोक्ता समिति दर्ता सम्बन्धी थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय र यस नगरपालिकामा सम्पर्क गर्नुहुन समेत अनुरोध छ । साथै उपभोक्ता समितिको नमूना विधान यस नगरपालिकाको वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

मितिः २०८३/०६/०२

.....

(मान बहादुर खड्का)

प्रमुख प्रशासकीय अधिकृत